# कसले बुझ्छ र

बारीमा लास डुङडुङती गनाइरहेछ
आँगनमा बनेको रगतको पोखरी टक्क जमेको छ
बम र बारुदको आवाज प्रतिध्वनी बनी कानमा गुञ्जीरहेको छ
कस्तो सन्त्रास होला मनमा कसले बुझ्छ र

पधेरीमा पानी छैन भए पनि छुन पाइदैन
कठयाङग्रीने जाडो मा पनि लाजै छोप्न गाऱ्हो पर्छ
घरमा पुग्दा रित्ता कसौडीको संगीतले स्वागत गर्छ
भोको आन्द्रा चिच्याएको कसले सुन्छ र

पहिलो आई कठै तिम्रो छोरा मर्यो भन्यो
दोस्रो आई क्षतीपूर्ति दिलाइदिन्छु भन्यो
तेस्रो आई मार्नेलाई कारबाही गर्छु भन्यो
मर्ने त मरीगयो अरु छोरा नमरुन कसले भन्छ र

एउटाले कुर्सी पाउछ अर्को इर्ष्याले जल्छ
एउटाले दुःख गरी कमाउछ अर्कोले लुटछ
रुने रोइ रोइ मर्छ हास्ने हाँसी हाँसी बाच्छ
बुद्धको देश बलीघर बनेको कसले देख्छ र

कमलाकान्त आचार्य
भीयना बिश्व बिद्यालय
भीयना अष्ट्रिया